दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३७ | अंक १४२ | बुटवल | २०८२ जेठ ०५, गते सोमबार | नेपाल संवत ११४५ | Monday May.19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## विद्यालय शिक्षाको काम अब प्रदेशलाई

बुटवल । शिक्षासम्बन्धी संघीय मन्त्रालयले गर्ने काम अब प्रदेशलाई दिइने भएको छ ।

प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले गठन गरेको उप-समितिले आइतबार तयार पारेको विद्यालय शिक्षा विधेयकसम्बन्धी प्रतिवदेनमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत हुँदै आएको विद्यालय शिक्षासम्बन्धी काम प्रदेशलाई दिन सुझाव दिएको हो । प्रतिवेदनमा भनिएको छ-'ऐन प्रारम्भ भएपछि नेपाल सरकारबाट सम्पादन गर्नुपर्ने विद्यालय शिक्षासम्बन्धी कार्य प्रदेशको शिक्षा हेर्ने निकायले मन्त्रालयसँग समन्वय गरी सम्पादन गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।'

त्यस्तै उपसमितिले शिक्षा विकास तथा समन्वय एकाइ खारेज गर्नुपर्ने प्रस्ताव गरेको छ । एकाइको चल अचल सम्पति, अभिलेख र दायित्व प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयले आवश्यक व्यवस्थापन गरी अभिलेख सुरक्षित राख्ने र सेवाको प्रबन्ध मिलाउन प्रतिवेदनमा सुझाव दिइएको छ ।

प्रतिवेदनमा प्रधानाध्यापकले पदमा कार्यरत रहँदासम्म नेपाल शिक्षक महासंघको सदस्यता लिन समेत रोक लगाएको छ । हाल शिक्षक महासंघको अध्यक्ष , सहअध्यक्ष नै विद्यालयका प्रधानाध्यपक छन् ।

» बाँकी २ पेजमा

## साढे ७ किलो सुन बरामद



बुटवल । रसुवाको गोसाइँकुण्डबाट गाउँपालिका-२ मा साढे ७ किलो सुन बरामद भएको छ भने एक जना पक्राउ परेका छन् ।

केरुङबाट काठमाडौंतर्फ आउँदै गरेको स्याउ बोक्ने गाडीमा अन्दाजी साढे ७ किलो सुन बरामद गरेको रसुवाका प्रहरी प्रमुख डीएसपी खेमबहादुर शाहीले जानकारी दिए ।

उक्त गाडीका चालक २४ वर्षका किशोर भुजेललाई पनि प्रहरीले पक्राउ गरेको छ । उनी पनि रसुवाकै हुन् । 'अहिले बरामद भएको पहेँलो वस्तु साढे ७ किलोभन्दा बढी छ । यकिन गर्ने काम हुँदैछ ।'- डीएसपी शाहीले भने । गोसाइँकुण्ड गाउँपालिका वडा नं. २ बाट सुन बरामद गरेको हो ।

# तिलोत्तमामा हजार बेडको सरकारी मेडिकल कलेज

२०७५ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यालय उद्घाटन गरे पनि ६ वर्षसम्म निर्माणको काम अघि नबढ्दा अन्योलमा रहेको बुटवल मेडिकल कलेजका लागि ५० बिघा जग्गा प्राप्ति भएसँगै अब रुख कटान र जग्गा घेरबारको काम अघि बढ्नेछ ।




**टिआर शर्मा**
*बुटवल*

जग्गाको भोगाधिकार प्राप्तिमा ढिलाइ, बजेट अनिश्चितलगायत कारणले लामो समयसम्म रोकिएको बुटवल मेडिकल कलेज निर्माणको काम अब अघि बढ्ने निश्चित भएको छ । २०७५ साल चैतमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तिलोत्तमाको नयाँमिलमा भब्य समरोहबिच मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालय उद्घाटन गरेका थिए ।

कार्यालय उद्घाटन भएको ४ वर्षसम्म निर्माणको चरणमा आउन नसकेको आयोजना राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिक्षामन्त्री बनेकी सुमना श्रेष्ठले दुई वर्षअघि खारेज गर्ने तयारीमा पुगेकी थिइन् । तर रास्वपासँगै मन्त्री श्रेष्ठ सरकारबाट हटेपछि यो आयोजनालाई रुपन्देही २ का प्रतिनिधि सभा सदस्य एवं अर्थमन्त्री विष्णु पौडेलले पुनः अघि बढाएका हुन् ।

शुरुमा दुई सय बिघा क्षेत्रफलमा बनाउने गरी इआइए गरिएकोमा वन मन्त्रालयले दुई सय बिघा वन क्षेत्रमा अस्पताल बनाउन नमिल्ने भन्दै ५० बिघा जमिनमात्रै उपलब्ध गराएको थियो । ५० बिघा क्षेत्रफलको वातावरणीय व्यवस्थापन मूल्याङ्कन (ईपीएम) भई करिब ११ हजार ४ सय रुख काट्नुपर्ने प्रतिवेदनमा देखिएको थियो ।

वन मन्त्रालयबाट ५० बिघा जग्गाको भागाधिकार प्राप्त भए पनि सामुदायिक वन उपभोक्ता समूहले संरक्षण गरेको हुँदा सामुदायिक वनले लामो समयसम्म वन क्षेत्र मेडिकल कलेजलाई दिने निर्णय नगर्दा काम अघि बढ्न सकेको थिएन । गत चैत २४ गते शंकरनगर सामुदायिक वन उपभोक्ता समूहको विशेष साधारण सभाले सामुदायिक वन क्षेत्रमा निर्माण हुने बुटवल मेडिकल कलेजका लागि ५० विगाहा जग्गा उपलब्ध गराउने प्रस्ताव पारित गरेको थियो ।

सामुदायिक वनले निर्णय गरेपछि मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाले १५ दिने सूचना निकालेर पूर्वाधार निर्माणका कानुनी प्रकृया पूरा गरेकाले अब लगत्तै रुख कटान र घेरबारको काम सुरु हुने आयोजना प्रमुख दिनेश देवकोटाले जानकारी दिए ।

'जग्गा प्राप्ति नहुंदासम्म अन्यौलमा थियौं, जग्गा प्राप्तिपछि हामीले वन मन्त्रालयबाट रुख कटानको अनुमति लिने लिनेदेखि अन्य कानूनी प्रकृयाहरु सबै पूरा गरेका छौं,' देवकोटाले भने-'अब मेडिकल कलेज बन्ने निश्चित भएको छ, यही आर्थिक वर्षभित्र रुख कटान र पर्खाल लगाएर जग्गा घेरबार गर्ने काम सुरु हुन्छ ।'

पहिलो चरणमा ४८१ वटा रुख काटेर मेडिकल कलेजको जग्गा पर्खालले घेरबार गरिने हुने आयोजनाको तिलोत्तमा स्थित कार्यालयका अधिकृत चुडामणि मरासिनीले बताए । घेरबारका लागि सरकारले एक करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । घेरबारको काम सम्पन्न भएपछि लगत्तै मेडिकल कलेजको प्रशासनिक भवनको काम अघि बढ्ने मरासिनीले जानकारी दिए ।

**५ अर्ब बजेट माग**

आयोजना प्रमुख दिनेश देवकोटाले आगामी बजेटमा मेडिकल कलेजको पूर्वाधार निर्माणको काम सुरु गर्न अर्थ मन्त्री विष्णु पौडेलसँग ५ अर्ब रुपैयाँ बजेट माग गरिसकिएको बताए । आगामी बजेटमा रकम विनियोजन भएसँगै मेडिकल कलेजको प्रशासनिक भवनको निर्माण सुरु हुने देवकोटाले जनाए ।

**एक हजार बेडको अस्पताल बन्ने**

सरकारले सातै प्रदेशमा एक-एक मेडिकल कलेज निर्माण गर्ने योजनाअनुसार तिलोत्तमामा लुम्बिनी प्रदेशस्तरीय बुटवल मेडिकल कलेज बनाउने निर्णय गरेको थियो । आयोजना कार्यालयले ६ सय बेड (शैया) को जनरल अस्पताल बनाउने डीपीआर तयार गरेको छ । 'सुरुमा दुई सय बिघामा अन्तर्राष्ट्रियस्तरको अस्पतालसहित चिल्ड्रेन पार्क, स्विमिङ पुल, स्कुललगायत अन्य पूर्वाधार पनि बनाउने योजना थियो, तर ५० बिघामात्रै जमिन उपलब्ध भएपछि मेडिकल कलेजलाई अत्यावश्यक संरचनामात्रै बनाउछौं,' आयोजना प्रमुख दिनेश देवकोटाले भने-'लामो समय निर्माणको चरणमा आउन नसकेको आयोजना अब अघि बढ्ने आशा पलाएको छ, यसमा सबैको सकारात्मक साथ आवश्यक छ ।'

**साढे १९ अर्ब लागत**

एक हजार बेडको मेडिकल कलेज बनाउन मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक साढे १९ अर्ब रुपैयाँ लाग्ने आयोजना प्रमुख देवकोटा बताउँछन् । उनका अनुसार मुटु र क्यान्सरको छुट्टै अस्पताल बनाउने तयारी छ । 'मुटु र क्यान्सर अस्पताल बनाउने योजना छ, त्यसको अध्ययन पनि भइसकेको छ, तर पहिला जनरल अस्पताल नै बनाउनुपर्छ ।'- उनले भने ।

» बाँकी २ पेजमा

# गौतमबुद्ध विमानस्थल अनियमितता छानबिन उप-समिति संयोजकमा खाँण





**लुम्बिनी संवाददाता**
*बुटवल*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका क्रममा भएका त्रुटि, अनियमितता र भ्रष्टाचार छानबिन गर्न गठित प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको उप-समिति संयोजकमा कांग्रेस सांसद मञ्जु खाँण चयन भएकी छन् ।

उप-समितिको आइतबार बसेको बैठकले खाँणलाई संयोजक चयन गर्ने निर्णय लिएको समितिका सचिव तथा संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए । उप-समितिमा एमालेका योगेश भट्टराई, सराज अहमद फारूकी र अच्युतप्रसाद मैनाली, कांग्रेसका श्यामकुमार घिमिरे र मञ्जु खाँण, रास्वपाका मनिष झा, राप्रपाका विक्रम पाण्डे र स्वतन्त्र सांसद अमरेशकुमार सिंह छन् ।

यसअघि उक्त उपसमितिको संयोजक सरकारको नेतृत्व गरिरहेको एमालेका सांसद तथा पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई थिए । उनी नेतृत्वको उप-सिमितिले रूपन्देहीको भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा भ्रष्टाचार र अनियमिततामाथि छानबिन नै नगरी प्रारम्भिक प्रतिवेदन तयार पारेपछि प्रश्न उठेको थियो ।

उप-समिति संयोजकका रूपमा आफूमाथि प्रश्न उठेपछि भट्टराईले आफू उक्त जिम्मेवारीमा नबस्ने घोषणा गरेका थिए । सार्वजनिक लेखा समितिले २७ जेठ २०८१ मा राष्ट्रिय गौरवको आयोजनाका रूपमा सम्पन्न भएका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा निर्माण सम्पन्न हुँदा पनि सञ्चालनमा आउन नसकेको तथा निर्माणमा त्रुटि रहेको उजुरी परेको भन्दै स्थलगत अध्ययन तथा अनुगमन गर्न उप-समिति गठन गरेको थियो । सोही दिन राप्रपा सांसद राजेन्द्र लिङ्देनको संयोजकत्वमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा भएका अनियमितता र भ्रष्टाचार छानबिन गर्न उपसमिति गठन गरिएको थियो ।

लिङ्देन नेतृत्वको उप-समितिले पोखरा विमानस्थल निर्माणका क्रममा कम्तीमा १० अर्ब रकम भ्रष्टाचार भएको ठहरसहित त्यसमा संलग्न व्यक्तिलाई कारबाहीको सिफारिससहित प्रतिवेदन लेखा समितिलाई बुझाइसकेको छ ।

गौतमबुद्ध विमानस्थलका सम्बन्धमा छानबिन गर्न गठित उपसमितिले आफ्नो प्रारम्भिक प्रतिवेदन तयार पारेको थियो । उक्त उपसमितिलाई विमानस्थल निर्माणमा कुनै त्रुटि छ भन्ने गुनासो सुनिएको हुँदा सो सम्बन्धमा के कस्तो अवस्था हो ? जग्गाको मुआब्जा निर्धारण र वितरणमै केही समस्या रहेका भन्ने सम्बन्धमा जग्गा व्यवस्थापन कसरी भएको थियो ? प्रारम्भिक प्रतिवेदनमा उपसमितिको उद्देश्यबारे लेखिएको छ ? र, विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा सञ्चालन गर्न अन्य के कस्ता चुनौती र समस्या छन् ? लगायतका प्रश्नमा छानबिन गर्न भनिएको थियो । तर यी विषयमा उपसमिति प्रवेश गरेको थिएन ।

» बाँकी २ पेजमा




## सम्पादकीय

# फलदायी सगरमाथा संवाद

नेपाल सरकारले पहिलोपटक आयोजना गरेको सगरमाथा संवाद २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै सम्पन्न भएको छ। 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' विषयको पहिलो संस्करण आयोजना गरेर सरकारले जलवायु परिवर्तनले हिमालय पर्वतमा परेको असर र त्यसले नेपालमा पारेको असरका बारेमा विश्वसामु समस्या सुनाउने र उनीहरुको साथ लिने अवसरका रूपमा फलदायी भएको छ।

सगरमाथा कार्य आह्वानले दिगो भविष्य सुनिश्चित गर्न साझेदारीलाई सुदृढ गरेर पूर्वऔद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी विश्वव्यापी औसत तापक्रम वृद्धि हुन नदिने अत्यावश्यकतालाई पुनः पुष्टि गरेको छ। आफ्नो देश विशेष अनुकूलन आवश्यकता पूरा गर्न राष्ट्रिय अनुकूलन योजना विकास र कार्यान्वयन गर्न थप प्रोत्साहित गरिने, विकासशील र विशेष परिस्थितिमा रहेका देशमा जलवायु कार्य कार्यान्वयनका लागि अन्तरराष्ट्रिय वित्तीय सहायताको वृद्धि र परिचालन गर्न आह्वान गरेको छ। विकासशील र जलवायु परिवर्तनको जोखिममा रहेका देशलाई द्विपक्षीय, बहुपक्षीय र वैकल्पिक स्रोतबाट वित्तीय संयन्त्रका सञ्चालन निकाय र यूएनएफसीसीसी र पेरिस सम्झौताअन्तर्गतका कोषसहित अन्तर्राष्ट्रिय जलवायु वित्तमा समान र सरलीकृत पहुँच सुनिश्चित गर्न सामूहिक प्रयासलाई प्रोत्साहित गर्न आह्वान गरेको छ।

संवादमा सगरमाथादेखि समुद्रसम्म र उच्च भूभागदेखि टापुसम्म गुञ्जिने गरी तत्काल जलवायु कार्यका लागि साझा आवाज बनाउने संकल्प गरिएको छ। अघिल्लोपल्ट केपी ओली प्रधानमन्त्री हुँदा यो कार्यक्रम आयोजना गर्ने मिति तय भएको थियो। कोभिड महामारीले विश्व लकडाउनमा भएपछि स्थगित भएको कार्यक्रम अहिले बल्ल आयोजना भयो। त्यसपछि बनेका सरकारले यो कार्यक्रम आयोजना गर्न प्राथमिकता नदिनु विषयवस्तु प्रतिको गम्भीरताको अभाव थियो। जलवायु परिवर्तन जस्तो संवेदनशील मुद्दामा बेवास्ता गर्नु राम्रो होइन्। जेहोस्, अहिले केपी ओली प्रधानमन्त्री भएका बेला सगरमाथा संवाद भएको छ। नेपालले जलवायु परिवर्तनले पारेको प्रभाव र असरका बारेमा आफ्ना कुरा अन्तर्राष्ट्रिय समुदाय सामु राखेको छ। र, उनीहरुका कुरा सुनेको छ। समस्या राख्ने, बुझ्ने र सुन्ने प्रक्रियाले निर्णय निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ। साझा समस्या समाधानको लागि सहकार्यको वातावरण तयार गर्छ। हिमाल जोखिममा पर्दा केबल नेपाल जस्ता राष्ट्रहरू मात्रै जोखिममा पर्ने होइनन्, त्यसको असर विश्वले व्यहोर्ने हो। विकासका नाउमा भइरहेको दोहनले भौतिक पूर्वाधार विकासमा राम्रै देखिए पनि तापमान वृद्धिले प्रकृतिको चक्र नै बिथोलिएको छ, त्यसले मानव समुदायलाई मात्रै नभएर सम्पूर्ण जीवजन्तुको जीवनचक्र बिथोलिएको छ, सम्पूर्ण जीवजन्तुको जीवनचक्र बिथोलिने क्रम बढ्दै जाँदा सबैभन्दा धेरै असर हामीले व्यहोरेका छौँ, अझैँ व्यहोर्ने छौँ।

कतिपयले सगरमाथा संवादमा उच्च तहको प्रतिनिधित्वको अभाव रहेको भन्दै कार्यक्रमको औचित्वमाथि पनि प्रश्न उठाइरहेका छन्। पहिलोपल्ट आयोजना भएको र अन्तर्राष्ट्रियस्तरको यो कार्यक्रम नेपालले संभवतः पहिलोपल्ट आयोजना गरेको यो कार्यक्रमको विषयवस्तुको महत्वका दृष्टिले सफल मान्नुपर्छ। अब यो कार्यक्रम सन् २०२७ मा आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ, सरकारमा नेतृत्व गर्ने व्यक्ति हेरफेर हुने विषय लोकतान्त्रिक मुलुकमा सामान्य विषय हो, जो सुकै आए पनि सगरमाथा संवाद कार्यक्रम तोकिएकै मितिमा आयोजना हुनुपर्छ। निरन्तरको संवाद भयो भने नेपालले अन्तर्राष्ट्रिय समुदाय सामु समस्या राख्न र उनीहरुको साथ पाउन सम्भव छ। जलवायु परिवर्तनबाट हुने असरको जोखिम न्यूनीकरणका लागि नेपाललाई लाभ हुने यस्ता कार्यक्रम सरकारको प्राथमिकतामा पर्नुपर्छ।

# आगामी बजेटबारे योगेश भट्टराईका २४ सुझाव

*नेकपा एमालेका सचिव योगेश भट्टराईले अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०८२ र ८३ का लागि पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा २४ सुझाव दिएका छन्।*

*प्रतिनिधिसभाको शुक्रबारको बैठकमा बोल्दै सचिव भट्टराईले अर्थमन्त्रीले प्रस्तुत गरेको आगामी बजेटका सिद्धान्त तथा प्राथमिकताका धेरै कुरा राम्रो भएको बताए। सीमित स्रोत र साधनका बिचमा असीमित अपेक्षा पूरा गर्ने चुनौतीका बिच प्रस्तुत विषयहरू सकारात्मक रहेको उनको भनाइ छ।*

**आगामी बजेटबारे भट्टराईका सुझाव**

१. आगामी आर्थिक वर्षदेखि राज्यले पुँजीगत खर्च गर्न नसक्ने, बजेट फ्रिज हुने, काम आधा मात्र हुने, खर्च गर्न सक्ने मन्त्रालयलाई बजेट नपुग हुने तर नसक्नेले ओगट्ने प्रवृत्ति अन्त्य गर्न सबै मन्त्रालयलाई विश्वासमा लिन, सुपरिवेक्षण गर्न अर्थ मन्त्रालयले 'वार रुम' स्थापना गर्नुपर्छ। गर्नेलाई प्रोत्साहन गरौँ, गर्न नसक्नेको क्षमता विकाशमा जोड दिऔँ। यस विषयलाई कर्मचारीको योग्यताको विषय पनि बनाऔँ।

२. ३ करोडभन्दा साना आयोजनामा सङ्घबाट बजेट विनियोजन नगर्ने भन्ने सरकारी नीति आम रूपमा ठीक छ, तर 'लेख्ने एउटा गर्ने अर्को' हुने विगतको परम्पराबाट मुक्त होऔँ। कम बजेटमा राम्रो प्रतिफल दिने आयोजनालाई समेत ध्यान दिँदै कुल बजेटको ८० प्रतिशत ठूला र २० प्रतिशत अन्य परियोजनामा विनियोजन गर्ने प्रणाली स्थापित गरौँ। साथै संघीय सांसदहरूलाई विकास आयोजनामा जोडौँ। जसले गर्दा बजेट कार्यान्वयनमा सबैको जवाफदेहिता स्थापित हुनेछ। व्यवस्थापिकाबाट कार्यपालिका प्रमुख निर्वाचित हुने र कार्यपालिकाले दिएको विजिनेसअनुसार व्यवस्थापिका चल्ने वर्तमान शासकीय प्रणालीभित्र व्यवस्थापिका र कार्यपालिका बीचको कार्यगत समन्वयलाई बुझ्नुपर्दछ।

३. सरकारी ठेक्का समयमै नसकिने, सकिएका ठेक्काहरूको भुक्तानी नहुने चक्रबाट बाहिर आउन अर्थ मन्त्रालय र निर्माण व्यवसायीहरुको बिचमा 'परफरमेन्स मण्ड पेमेन्ट अटोमेशन' लागु गर्नुपर्छ। काम सम्पन्न भएर पनि भुक्तानी गर्न नसकेको अवस्थामा सरकारले निर्माण व्यवसायीहरुको वित्तीय दायित्व बहन गरिदिने व्यवस्था गर्नुपर्दछ। यसका लागि सार्वजनिक खरिद ऐनलाई संशोधन गरेर व्यवहारिक बनाउनुपर्दछ। बजेटको व्यवस्था हुँदाहुँदै पनि काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्नुपर्दछ।

४. नियामक निकायहरूको स्वायत्तताको सवालमा कुनै सम्झौता गरिनु हुँदैन, तर देशको समृद्धि र विकास निर्माणको सवालमा सरकारलाई जत्तिकै चासो र चिन्ता त्यस्ता निकायहरूलाई पनि हुनुपर्दछ। नियामकका कारण आयोजनाहरुनै बन्न नसक्ने, कर्मचारीतन्त्रले निर्णय नै गर्न नसक्ने अवस्थाको अन्त्य हुनुपर्छ। संसद्, न्यायालय, अख्तियार जस्ता संस्थाहरू विकासका काममा सहयोगी बन्नुपर्छ।

५. नेपालको राजनैतिक नेतृत्व उत्पादन र राष्ट्रिय पुँजी निर्माणमा भन्दा पनि वितरणमै आफ्नो लोकप्रियता खोज्ने गर्दछ। उत्पादन र वितरण जबसम्म समानान्तर भएर अगाडि बढ्दैनन्, तबसम्म हामीले दिगो आर्थिक विकास हासिल गर्न सक्दैनौँ, वित्तीय स्थिरता हासिल हुन सक्दैन। तसर्थ 'जति बढी उत्पादन त्यति बढी वितरण, जति बढी वितरण त्यति नै बढी सामाजिक न्याय' भन्ने मान्यतालाई स्थापित गर्नुपर्दछ। व्यापक उत्पादन र न्यायोचित वितरण नै समाजवादको आधार हो।

६. नेपालको सीमित कृषियोग्य जमिनको उपयोगमा आजैदेखि ध्यान पुऱ्याउन सकिएन भने हामीले आगामी पुस्ताहरूलाई केवल बन्जर र रुखो भूमिमात्र हस्तान्तरण गरेर जानेछौँ। खेतीयोग्य जमिनको संरक्षण र उपयोगलाई ध्यान दिँदै कृषि, आवास र औद्योगिक जमिनको वैज्ञानिक वर्गीकरण गरी अन्य प्रयोजनमा नलगाउने ग्यारेन्टी गरी कृषि तथा औद्योगिक जमिनको हदबन्दी तथा करमा लचकता अपनाउनुपर्दछ।

७. देशभित्र व्याप्त आन्तरिक बसाइसराइ यस्तै रहने हो भने अब पहाडी र हिमाली जिल्लाका गाउँमा बस्ने मानिसहरू पाइने छैन। बसाइसराइलाई रिभर्स गर्न सरकारले सुविधाहरूको समेत विकेन्द्रीकरण गर्नुपर्छ, गाउँमा जाने, बस्ने, उत्पादनसँग जोडिने जनतालाई सरकारले प्रोत्साहन गर्दै इन्सेन्टिभको व्यवस्था गर्नुपर्छ। सरकारको नीति, कार्यक्रम तथा बजेटमा मुलुकको परिवर्तित जनसांख्यिक संरचनालाई आधार बनाउनुपर्छ।

८. युवाहरूको ठूलो संख्या विदेशिँदै जाँदा देशमा वस्तु तथा सेवाको मागमा व्यापक कमी आएको छ। माग, उत्पादन तथा आपूर्ति प्रणालीलाई चुस्त बनाउनेतर्फ सरकारले विचार गर्नुपर्ने बेला आएको छ। माग बढाउने तथा उपभोक्ताहरूको क्रयशक्ति बढाउन बजेटले ध्यान दिनुपर्दछ।

९. देशभरि छरिएर रहेका सहकारी पीडितहरूको न्यूनतम बचत फिर्ता गर्न सरकारले एक विशेष कोषको व्यवस्था गर्नुपर्छ। हिनामिना गर्ने सञ्चालकहरुको जायजेथाबाट असुलउपर गरिलिने व्यवस्था गरिनुपर्दछ। साथै लघुवित्त तथा मिटरब्याज पीडितहरूको रकम तत्काल फिर्ता गराउनुपर्दछ।

१०. एक्काइसौं शताब्दीमा सरकारहरूको दायित्वमा समेत आधारभूत रूपले परिवर्तन भएका छन्। अब राज्यले सुरक्षा, संरक्षण गरेर मात्र पुग्दैन, उचित अवसर पनि प्रदान गर्न सक्नुपर्दछ। अन्यथा युवा पलायनको यो महामारीबाट देश झन् भयावह अवस्थामा पुग्न सक्दछ।

११. समय, बजेट उपलब्धिका हिसाबले महत्त्वपूर्ण परियोजनाको प्रशासनिक तथा प्राविधिक नेतृत्व परियोजनाको बिचबिचमा फेरिँदा त्यसले ढिलाइ तथा अन्योल सिर्जना गर्ने भएकोले त्यस्ता योजनाहरूको नेतृत्व अत्यन्त कमजोर क्षमता भएका बाहेक अन्यलाई आयोजना सम्पन्न नहुँदासम्म स्थायी रहन दिनु उपयुक्त हुन्छ। योजनाको अवस्था, खर्चको अवस्था, प्रतिफल तथा बेरुजुको अवस्थालाई उनीहरूको मूल्याङ्कनको विषय बनाउनुपर्दछ।

१२. बैङ्क तथा वित्तीय संस्थाहरूका ब्याजदर तुलनात्मक रूपमा धेरै नै अस्थिर रहने हुनाले व्यावसायिक वातावरणमा नकारात्मक असर परिरहेको छ। 'पोलिसी रेट' तथा बैङ्क वित्तीय संस्थाहरूको ब्याजदर कम्तीमा एक आर्थिक वर्षसम्म र परियोजना कर्जाको हकमा परियोजना अवधिसम्म स्थिर रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ। साथै बजार मूल्य र विनियम दरलाई सापेक्षिक स्थिरतामा राख्नुपर्छ।

१३. व्यवसायी स्थिरता, विकास र प्रवर्धनमा बाधा पुऱ्याउने कानुनहरू खारेज गरौँ, सियोदेखि हवाईजहाजसम्म किन्दा एकै किसिमले लागू हुने सार्वजनिक खरिद ऐनलाई समयानुकूल परिमार्जन गरौं भूत प्रभावी कानुनहहरु लागू गरेर व्यवसायीहरुलाई अप्ठेरोमा पार्ने प्रवृत्ति अन्त्य गर्नुपर्दछ।

१४० नेपाली युवाले पसिना बगाएर विदेशमा कमाएको अधिकांश रकम आयातित उपभोगमा गएको छ, त्यसलाई सरकार ग्यारेन्टी बसेर राष्ट्रिय गौरवका आयोजना वा त्यस्तै उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण बनाइदिऔं। संसारभर छरिएर रहेका नेपालीहरूको सीप तथा विज्ञता र पुँजीलाई प्रोत्साहनपूर्वक ल्याउने वातावरण निर्माण गरौँ। गैरआवासीय नेपालीहरूको नागरिकता र अन्य अधिकारलाई सुनिश्चित गरी उनीहरूमार्फत पुँजी, प्रविधि र सीपलाई व्यापक रूपमा देशमा भित्राउने काम गरौँ।

१५. नेपालले छोटो समयमा तरक्की गर्नसक्ने तुलनात्मक लाभका क्षेत्रहरू जस्तैः

क. उच्च मूल्यका कृषि, खनिज, जडीबुटी
ख. सूचना प्रविधि
ग. पर्यटन
घ. जलस्रोत
ङ. शिक्षा तथा स्वास्थ्य क्षेत्रमा

लगानीलाई प्रोत्साहन गरौँ, विस्तारै नेपालमै केही गर्न सकिन्छ भन्ने भाष्य स्वतः स्थापित हुनेछ। देशलाई विशेषगरी मेडिकल शिक्षा र स्वास्थ्य सेवाको हब बनाउन सकिन्छ। उपरोक्त क्षेत्रबाट वार्षिक १० खर्बभन्दा बढी विदेशी मुद्रा आर्जन गर्न र लाखौँको संख्यामा नयाँ रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने अध्ययनले देखाउँछ।

१६. नेपालका हरेक विश्वविद्यालयहरुमा अलगअलग विधामा एकएक वटा अनुसन्धान केन्द्र स्थापना गर्न सरकारले नै सहयोग गरौँ, तिनका अनुसन्धानका निष्कर्षहरुलाई सरकारको नीति निर्माणमा उपयोग गरौँ।

१७. नेपालका हरेक पालिका र प्रदेशलाई आफ्नो भूगोलमा हुन सक्ने उपयुक्त कृषि बालीको छनौट गर्न लगाई उनीहरूलाई प्राविधिक सेवा समेत प्रदान गरी बजारीकरण तथा निर्यातको सुनिश्चित गरौँ। आजको अनुदान जो बालुवामा पानी भएको छ यसलाई बदलौँ र उत्पादनमा अनुदानको नीति अवलम्बन गरौँ।

१८. स्थानीय तह तथा प्रदेशलाई पठाउने बजेटको प्रणालीलाई बदलौँ। जहाँ आन्तरिक स्रोत राम्रो छ, विकासमा काम पर्याप्त भएका छन त्यही बजेट धेरै जाने गरेको छ। अब स्रोत कम भएका र विकासरनिर्माण बढी आवश्यक भएका प्रदेश तथा पालिकालाई संघले पठाउने बजेटमा वृद्धि गरौँ।

१९. पहाडी तथा हिमाली जिल्लाका विद्यालयहरूमा 'बिग मर्ज'को कार्यक्रम लागू गरौँ र विद्यालय बस, खाजा, आवासीय प्रबन्धसहित शैक्षिक वातावरण निर्माणमा जोड गरौँ। यसले खर्च पनि घटाउने छ भने शिक्षाको गुणस्तर वृद्धि गर्ने छ। जसबाट आन्तरिक बसाइसराइलाई कम गर्न सकिने छ।

२०. सरकार, निजी क्षेत्र र वित्तीय संस्थाहरूको सहकार्यमा छोटो समयमा सम्पन्न हुने र तत्काल प्रतिफल दिने आयोजना छनोट गरी 'बिग पुस'को नीति लागू गरौँ। जसबाट ठूलो मात्रामा आर्थिक परिचालन हुनेछ र व्यापक रोजगारी सिर्जना हुनेछ।

२१. भन्सार र अन्य राजस्वको वस्तुसंगत पुनरवलोकन गरौँ। कच्चा पदार्थलाई सहजीकरण गर्दै देशमा सञ्चालित उद्योगहरूलाई बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्षम बनाऔँ। औद्योगिक पुँजी र लगानीलाई प्रवर्धन गरौँ। दोहोरोतेहेरो करबाट व्यवसायी र उपभोक्ताहरूलाई मुक्त गरौँ।

२२. देशमा नीतिगत स्पष्टता तथा सुशासन भयो भने अहिले को अनौपचारिक अर्थतन्त्रलाई क्रमशः कम गर्न सकिन्छ, आर्थिक सामाजिक भूराजनैतिक अवस्थाका कारण संवेदनशिल मानिने 'डिप स्टेट' संयन्त्रलाई निर्मूल पार्न सकिन्छ। अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रुपान्तरण गर्दा २० खर्ब राजस्व उठाउन सकिन्छ भनी अध्ययनले देखाउँछ। त्यो अवस्थामा हाम्रो वार्षिक बजेट २५ खर्वको हुनेछ। २ खर्ब पनि पुँजीगत खर्च नभएको वर्तमान अवस्थालाई बदलेर ८ खर्ब भन्दा माथि पुँजीगत खर्च गर्न सकिन्छ। यस बाटोबाट नै समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा पूरा हुनसक्छ। सामाजिक न्याय र भौतिक समृद्धि एकसाथ प्राप्त गर्न सकिन्छ।

२३. सरकारले राष्ट्रिय राजनीतिक दललाई बजेट दिने व्यवस्था गरौँ। विशेष अभियानका लागी राजनीतिक दलले चन्दा र सहयोग लिने प्रणालीलाई पारदर्शी बनाउन साथै महालेखा परीक्षकबाट राजनीतिक दलको लेखापरीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ। यसैअनुरूप राजनीतिक दलसम्बन्धी कानुन बनाउनुपर्दछ। यसबाट राजनीतिक दल भित्र हुने र नहुनेबीचको अवसरको बाँडफाँट र विभेद कम हुँदै जानेछ। पार्टी भित्र आन्तरिक लोकतन्त्र र सदस्यहरूको अपनत्व र भूमिका वृद्धि हुनेछ। राजनीतिक दबाबमा हुने गैरकानूनी क्रियाकलापमा नियन्त्रण हुनेछ। सारमाः लोकतान्त्रिक गणतन्त्रप्रति आम नागरिकको विश्वास र समर्थनमा वृद्धि गर्न सकिनेछ। मुलुकमा परिष्कृत लोकतन्त्रको अभ्यास हुनेछ।

२४. सबै प्रदेशमा रहेका आर्थिक समृद्धिका प्रमुख आधारहरूको पहिचान गरी त्यसलाई अधिकतम दोहन गर्नु पर्दछ। कोशी प्रदेशमा रहेको पर्यटन, जलस्रोत तथा कृषिको समुचित विकासमा सरकारको ध्यानाकर्षण गर्दछु। विशेषगरी तमोर र दूधकोशी जलाशययुक्त आयोजना तथा किमाथांका अरुण आयोजना अघि बढाएर अन्तर्देशीय प्रसारण लाइन विस्तारलाई प्राथमिकतामा राख्नुपर्छ। तमोर कोरिडोरलाई तिब्बतको सिमाना टिपतालासम्म कालोपत्रे गर्न, तेह्रथुमको वसन्तपुरदेखि ताप्लेजुङसम्मको मदन भण्डारी मार्गलाई कालोपत्रे गर्न, कावेली कोरिडोर सडक आयोजना अघि बढाउन, मेची राजमार्गअन्तर्गत सुकेटार-थिवासडकलाई बजेट विनियोजन गर्न, प्रमुख राजमार्ग देखि पालिका केन्द्रहरूको सडकलाई कालोपत्रे गर्न, केचना-कञ्चनजङ्घा सडक निर्माण कार्य अघि बढाउन बजेट व्यवस्था गरी पूर्वाधारको काममा ध्यान दिन सरकारको ध्यानाकर्षण गर्दछु। कोशी प्रदेशबाट निर्यात हुन सक्ने उत्पादनहरू जस्तै अलैँची, चिया, कफी, अकबरे खुर्सानी, छुर्पी, रुद्राक्ष, जडीबुटी, प्लाइउडलगायतलाई विशेष प्राथमिकतामा राखेर वैदेशिक बजार व्यवस्थापनका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गर्दछु। सगरमाथा, कञ्चनजङ्घा तथा मकालुलगायत पाथीभरा, वराहक्षेत्र, हलेसी, मुन्धुम मार्ग, तीनजुरे-मिल्क-जलजले, श्रीअन्तु, कन्याम, भेडेटार, सिलौटी, सोधुपोखरी, तिम्बुपोखरी, सन्दकपूर, बर्जुताललगायतलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई प्रवर्धन गर्नुपर्दछ। पर्यटनको विकासका लागि सुकेटार, तुम्लीङटार तथा लुक्लालगायतका विमानस्थलहरूको विस्तार गर्न जरुरी छ।

**तिलोत्तमामा...**

कलेज निर्माण क्रममा टेन्डर आह्वान भएर निर्माण कम्पनीबिच प्रतिस्पर्धा हुँदा लागत घट्ने अपेक्षा आयोजनाको छ। डीपीआर अध्ययन गर्न २ करोड ८८ लाख रुपैयाँ खर्च भएको थियो। आयोजनास्थल वन क्षेत्रमा भएकाले ११ हजार २३० वटा रुख काट्नुपर्ने अध्ययनले देखाएको छ। तर सबै रुख नकाटिने देवकोटाले बताए।

'५० बिघा जमिनमा ११ हजार २ सय ३० रुख काट्नुपर्ने देखिएको हो तर पूरै काट्नु पर्दैन,' आयोजना प्रमुख देवकोटाले भने-'आवश्यकताअनुसार काट्दै जाने हो। बढीमा ५ हजार रुख काटिन्छ होला।' मेडिकल कलेजको भौतिक संरचना ६ वर्षभित्र निर्माण गर्ने योजना छ।

यो सरकारी मेडिकल कलेज बनेसँगै रुपन्देही मेडिकल हब बन्ने छ। अहिले रुपन्देहीमा १२ सय शैयाको लुम्बिनी प्रादेशिक अस्पताल स्तरोन्नतिको चरणमा छ भने भैरहवा र देवदहमा एक-एक वटा निजी मेडिकल कलेज छन्। त्यस बाहेक बुटवलमै एक सय शैयाको बुटवल हस्पिटल प्रालि, मणिग्राममा क्रिमसन अस्पताल, भैरहवामै सिद्धार्थनगर सिटी हस्पिटललगायत एक दर्जन बढी निजी क्षेत्रबाट सञ्चालित मझौला अस्पताल छन्। भैरहवाको रण अम्बिका शाह आँखा अस्पतालमा भारतीय नागरिक समेत सेवा लिन आउने गरेका छन्। रुपन्देहीमा थप दुई वटा क्यान्सर अस्पताल निर्माणको प्रकृयामा छन्। यसरी एकपछि अर्को अस्पताल र मेडिकल कलेजहरु निर्माणको क्रमले निकट भविष्यमै रुपन्देही मेडिकल हब बन्ने बाटोमा अग्रसर भएको देखिन्छ।

**विद्यालय...**

उप-समितिले शिक्षक महासंघ र विद्यालय व्यवस्थापन संघका सदस्यलाई काज र अन्य सुविधा नदिने व्यवस्था कानुनमा राख्नु पर्ने प्रस्ताव गरेको छ। यसअघि महासंघका पदाधिकारीहरूले काजमा दरबन्दी भन्दा अन्यत्र गएर बस्ने गरेका थिए।

प्रतिवेदनमा उल्लेख गरिएको छ-'नेपाल शिक्षक महासंघ र यस ऐन बमोजिमको विद्यालय व्यवस्थापन संघको सदस्य भएकै कारणले त्यस्तो सदस्यले काज वा थप सेवा सुविधा प्राप्त गर्न र आफ्नो जिम्मेवारीबाट कुनै किसिमको छुट पाउने छैन।'

**गौतमबुद्ध ...**

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल विस्तारका लागि करिब २२ सय घरधुरीलाई २३ अर्ब रुपैयाँ मुआब्जा वितरण गरिएको थियो। गौतमबुद्ध विमानस्थल निर्माणको लगानी सुरुमा ६ अर्ब २२ करोड अनुमान गरिए पनि सम्पन्न हुँदासम्म बढेर ८ अर्ब ८२ करोड पुगेको थियो। यो विमानस्थलमा जग्गा अधिग्रहणमा अनियमितता भएको भनी मुख्य प्रश्न उठेको छ।

खाँण उप-समिति संयोजक भएपछि कसरी छानबिनको कार्य अगाडि बढ्छ भन्ने यकिन भइसकेको छैन। सांसद मञ्जु खाँण भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण अनुसन्धानको दायरामा परेकी व्यक्ति हुन्।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन खोजेको आरोपमा पूर्वगृहमन्त्री बालकृष्ण खाँणलगायतविरुद्ध ठगी र राज्यविरुद्धको कसुरमा मुद्दा दायर भएपछि उनकी पत्नी मञ्जु पनि अनुसन्धानको दायरामा परेकी थिइन्। लेखा समितिले भ्रष्टाचारको आरोपमा अनुसन्धानको दायरामा परेकी सांसदलाई नै भ्रष्टाचारको उजुरी अनुसन्धानको नेतृत्व गर्ने जिम्मेवारी दिएको हो।

नक्कली शरणार्थी प्रकरणमा ठगी मुद्दा दायर भएपछि प्रहरीले बालकृष्ण खाँणलगायत अरु आरोपितहरुबारे अनुसन्धान गर्न अख्तियारमा पत्राचार गरेको थियो। अख्तियारले २०८० सालको साउन, भदौताका खाँड दम्पत्तिमाथि छानविन अघि बढाएको थियो। अख्तियारले थुनामा परेपछि बालकृष्ण र उनकी पत्नी मञ्जुलाई गैरकानूनी सम्पत्ति आर्जनको अनुसन्धानका सिलसिलामा सम्पत्ति अनुसन्धानसम्बन्धी फारम भराउनुका साथै सोधपुछ गरेको थियो। तर २०८१ मा कांग्रेस-एमालेको सत्ता गठबन्धन बनेपछि अख्तियार र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धान अलपत्र भएको छ।

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**
**जलस्रोत तथा सिँचाइ विभाग**
जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय -५,
बुटवल, रुपन्देही

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

(प्रकाशन मिति : २०८२।०२।०५)

यस कार्यालयको मिति २०८१।१२।२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र स्वीकृतको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (WithVAT & PS) |
|---|---|---|---|---|
| 1 | PEP5/NCB/RT/15-081/082 | Construction of gabion slope revetment works at Suddhodhan-01 & 02 at Danav River, Rupandehi. | Janmabhumi-Jana Nirman J.V., Dupcheshwor-5, Nuwakot | 1,53,91,414.84 |
| 2 | PEP5/NCB/RT/17-081/082 | Construction of counterfort retaining wall with gabion works and plum wall at Butwal-11,01&03 Tinau River, Rupandehi | Satyawati-Devaka-MK JV, Butwal-11, Devinagar. | 2,59,56,700.93 |
| 3 | PEP5/NCB/RT/19-081/082 | Construction of gabion vertical wall and slope Revetment works at Omsatiya-03, -05 &Tilottama -17 at Rohini River, Rupandehi | Devaka-SK JV,Butwal-11, Rupandehi. | 2,68,10,146.63 |

**कार्यालय प्रमुख**

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय बुटवल १० कालिकानगर रुपन्देही फोन नं.०७१४३८१७१ इमेल : Info@jucbank.com.np

# ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०२/०५ राष्ट्रिय स्तरको दैनिक लुम्बिनी पत्रिकाबाट प्रकाशित)

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्थाबिच भएको लिखतको शर्त अनुसार ऋणी तथा जमानीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा जिल्ला अदालतमा मुद्दा चलाई चल अचल सम्पत्ति बिक्री गरी वित्तीय संस्थाको लेना रकम असुलउपर गरिने ब्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

शाखा कार्यालय बुटवल रुपन्देही

| | ऋणी ग्राहकको | | | | व्यक्तिगत जमानी दिने वा धितो जमानी दिनेको | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम थर | ठेगाना र नागरिता नं. | बुवा/पतिको नाम | ग्राहकको बाजे/ ससुराको नाम | नाम | ठेगाना र नागरिता नं. |
| १ | अनिता थापा | जिल्ला स्याङ्जा गा.वि.स विर्घा वडा नं ०७ (हाल जिल्ला रुपन्देही , न.पा. सिद्धार्थ न वडा नं १२) नागरिकता नं ४२३०२५।३०० (जारी मिति २०६३।१०।१६ जिल्ला स्याङ्जा ) | झमन सिङ्ग साठिघरे | बल बहादुर साठिघरे | झमन सिङ्ग साठिघरे | जिल्ला पाल्पा गा.वि.स/नपा/ खानिगाँउ वडा नं ०३ (हाल जिल्ला रुपन्देही गा.पा/नपा/ सिद्धार्थ वडा नं १२ ) नागरिकता नं ९४२५२ (जारी मिति २०५९।०४।१९ र जिल्ला पाल्पा) |
| २ | सिमा बुढाथोकी | जिल्ला बागलुङ्ग गा.वि.स/नपा/जलजला वडा नं ०५ (हाल जिल्ला रुपन्देही , गा.पा/नपा/बुटवल वडा नं १२) नागरिकता नं ५०१०४५।३८७२३ (जारी मिति २०७०।०४।२३ जिल्ला बागलुङ्ग ) | धिरज कुमार बुढाथोकी | धन बहादुर बुढाथोकी | मिना थापा | जिल्ला प्युठान गा.वि.स/नपा/ अर्खा वडा नं ०१(हाल जिल्ला रुपन्देही गा.पा/नपा/ बुटवल वडा नं १२ ) नागरिकता नं ५३१००३।१०९२ (जारी मिति २०६५।०९।१६ र जिल्ला प्युठान ) |
| ३ | उदय बहादुर सुनार | जिल्ला पाल्पा गा.वि.स. भुवनपोखरि वडा नं ०१ (हाल जिल्ला काठमाँडौ नागरिकता नं २।७२१८ (जारी मिति २०६३।०७।२७ जिल्ला पाल्पा ) | गोविन्द लाल सुनार | यज्ञ लाल सुनार | मनिषा सुनार | जिल्ला पाल्पा गा.वि.स भुवन पोखरि वडा नं ०१(हाल जिल्ला काठमाँडौ नागरिकता नं ३९१०४७।८१४ (जारी मिति २०६८।०८।२९ जिल्ला पाल्पा ) |
| ४ | सुनिता पुर्जा मगर | जिल्ला रुपन्देही गा.वि.स/नपा/देवदह वडा नं ०८ (हाल जिल्ला रुपन्देहि , गा.पा/नपा/देवदह वडा नं ०८) नागरिकता नं ३७-०२-७२-०६६५५ (जारी मिति २०७२।०९।३० जिल्ला रुपन्देही ) | विर बहादुर पुर्जा मगर | लाल बहादुर पुर्जा मगर | विर बहादुर पुर्जा मगर | जिल्ला रुपन्देही गा.वि.स/नपा/ शंखनगर वडा नं ०९(हाल जिल्ला रुपन्देही गा.पा/नपा/ देवदह वडा नं ०८ ) नागरिकता नं ११९६९ (जारी मिति २०५७।१०।२३ र जिल्ला रुपन्देही ) |
| ५ | जगमाया राना | जिल्ला गोरखा गा.वि.स/नपा/ताक्लुङ्ग वडा नं ०५ (हाल जिल्ला गोरखा , गा.पा/नपा/ताक्लुङ्ग वडा नं ०५) नागरिकता नं ४४३०१६।३७० (जारी मिति २०६३।११।१५ जिल्ला गोरखा ) | छवि लाल राना | मान बहादुर राना | छवि लाल राना | जिल्ला गोरखा गा.वि.स/नपा/ताक्लुङ्ग वडा नं ०५(हाल जिल्ला गोरखा , गा.पा/नपा/ताक्लुङ्ग वडा नं ०५) नागरिकता नं १११११३ (जारी मिति २०६१।०३।०१ र जिल्ला गोरखा ) |
| ६ | यमुना मगर | जिल्ला चितवन गा.वि.स/नपा/ईच्छाकामना वडा नं ०४(हाल जिल्ला चितवन गा.वि.स/नपा/ईच्छाकामना वडा नं ०४ नागरिकता नं ३५-०१-७५-०७०५६ (जारी मिति २०७५।०६।१८ जिल्ला चितवन ) | शरण मगर | देव बहादुर मगर | शरण मगर | जिल्ला चितवन गा.वि.स/नपा/दारेचोक वडा नं ०३(हाल जिल्ला चितवन , गा.पा/नपा/ईच्छामनकामना वडा नं ०४) नागरिकता नं ३५-०१-७१-०७०५२ (जारी मिति २०७१।०७।१८ र जिल्ला चितवन ) |
| ७ | निर्मला पाण्डे | जिल्ला रुपन्देहि गा.वि.स/नपा/सालझण्डी वडा नं ०३ (हाल जिल्ला रुपन्देहि , गा.पा/नपा/सैनामैना वडा नं ११) नागरिकता नं ३३९८२ (जारी मिति २०६२।०८।२१ जिल्ला रुपन्देही) | नारायण पाण्डे | सोभाखर पाण्डे | नारायण पाण्डे | जिल्ला अर्घाखाँची गा.वि.स/नपा/बलकोट वडा नं ०३ (हाल जिल्ला रुपन्देही, गा.पा/नपा/सैनामैना वडा नं ११) नागरिकता नं ५८४।२९३८ (जारी मिति २०४७।१२।०५ र जिल्ला अर्घाखाँची) |
| ८ | कमला पुन मगर | जिल्ला गुल्मी गा.वि.स/नपा/नयाँगाउ वडा नं ०४(हाल जिल्ला रुपन्देहि , गा.पा/नपा/धुर्कोट वडा नं ०१) नागरिकता नं ४१-०१-७३-०५९८७ (जारी मिति २०७३।०८।०५ जिल्ला रुपन्देही) | भुवन पुन मगर | वोम बहादुर पुन मगर | भुवन पुन मगर | जिल्ला गुल्मी गा.वि.स/नपा/नयाँगाउँ वडा नं ०४(हाल जिल्ला रुपन्देही , गा.पा/नपा/धुर्कोट वडा नं १) नागरिकता नं ४१-०१-७०-०६८१५ (जारी मिति २०७०।११।१९ र जिल्ला गुल्मी) |
| ९ | सँगिता पाण्डे | जिल्ला रुपन्देहि गा.वि.स/नपा/सालझण्डी वडा नं ०३ (हाल जिल्ला रुपन्देही, गा.पा/नपा/सैनामैना वडा नं ११) नागरिकता नं ३७-०२-७०-००२८५ (जारी मिति २०७०।०१।१५ जिल्ला रुपन्देही) | अर्जुन खनाल | हिरामणि खनाल | महेश पाण्डे | जिल्ला रुपन्देही गा.वि.स/नपा/सालझण्डी वडा नं ०३(हाल जिल्ला रुपन्देही , गा.पा/नपा/सैनामैना वडा नं ११) नागरिकता नं ३७-०२-७०-००२८६ (जारी मिति २०७०।०१।१५ जिल्ला रुपन्देही) |
